म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १५५ २०८१ वैशाख १४ गते शुक्रबार 26 April 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

### प्रधानाध्यापक भुपेन्द्र चौलागाईका योजना

## विद्यालय–समुदाय सम्बन्ध सवलीकरण गर्नुपर्नेछ

शैक्षिक सत्र २०८० मा हामीले शैक्षिक सुधार कार्यक्रमहरु सञ्चालन गरेका थियौं । शिक्षकको क्षमता अभिविद्धिका लागि तालिम, गोष्ठि र प्रशिक्षण सञ्चालन गरेका थियौं । विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउने साथै सीप र क्षमता विकास गराउनका लागि विभिन्न तालिम, प्रशिक्षण र शैक्षिक सहक्रियाकलापमुखी कार्यक्रमहरु सञ्चालन गर्‍यौं ।

भवन निर्माण र मर्मत गर्नेमा पनि हामीले केही काम गर्न सफल भयौं । मनोसामाजिक क्षेत्र अन्तर्गत विद्यार्थी, शिक्षक र अभिभावकहरुको त्रिपक्षीय सम्बन्ध सुधारका लागि विभिन्न कार्यक्रमहरु तालिम, भेला, गोष्ठि र अन्तर क्रियाहरु सञ्चालन गर्‍यौं । पठनपाठनका साथसाथै आयआर्जनका स्रोतहरु पहिचान गर्‍यौं । आर्थिक सक्षमताका लागि दातृ निकायहरुसँग सहयोग जुटाउने, अनेक रुपमा विद्यार्थीहरुका लागि समुह गठन तथा क्लब गठन गरी विभिन्न क्रियाकलापहरु, कार्यक्रमहरु सञ्चालन गर्ने, शैक्षिक सुधार अन्तर्गत शिक्षक केन्द्रित तालिम सञ्चालन गर्‍यौं ।

विद्यार्थीहरु केन्द्रित तालिम सञ्चालन गरेका थियौं । जसमा जनप्रिय क्रियशन क्याम्प भनेर हामीले दुई चरणमा विदाको समयलाई सदुपयोग गर्‍यौं । समान्य ज्ञान, कथा, कविता, गजल, निबन्ध, मुक्तक आदि विषयमा प्रशिक्षणात्मक कार्यक्रम सञ्चालन गर्‍यौं । गायन, चित्रकता, वक्तृत्वकला, नृत्य, बद्यवादन, उद्घोषण तालिमका साथसाथै खेल प्रशिक्षक मार्फत नियमित प्रशिक्षणको व्यवस्था मिलाएका थियौं । विभिन्न खेलकुदमा विद्यार्थी भाइबहिनीले सहभागिता समेत जनाउनुभएको छ । हामीले पुस्तक प्रकाशन, विमोचन कार्यक्रम, पठन संस्कृतिको विकासका लागि बृहत पुस्तक प्रदर्शनी, कक्षा कोठामा



*जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का प्रधानाध्यापक भुपेन्द्र चौलागाई आफ्नो प्रस्तुती राख्नुहुँदै ।*

बुक कर्नरको व्यवस्थापन गरेका छौं ।

एसईईमा सहभागी हुने विद्यार्थीलाई परामर्श कक्षा सञ्चालन गर्‍यौं । कक्षा ११ पनि सामान्य र प्राविधिक विषय समेत सञ्चालन रहेको जनप्रिय माविले एसईईमा सहभागी हुने विद्यार्थीलाई फेरी भेटौँ भन्दै परामर्श गरेका छौं । विद्यार्थीकै सक्रिय सहभागितामा शैक्षिक प्रदर्शनी गरेका छौं । विद्यार्थीले सिक्ने, बुझ्ने अवसरका लागि पुस्तकालय व्यवस्थापन गरेका छौं । पुस्तकालयमा करिब एक हजार विषयगत र सन्दर्भ पुस्तक थप गरिएको छ । सिक्दै कमाउँदै कार्यक्रमअन्तर्गत प्राविधिकतर्फका विद्यार्थीले टनेल निर्माण तथा सञ्चालन, माछा पोखरी निर्माण तथा सञ्चालन, पोल्ट्री हाउस निर्माण र सञ्चालन, फुलखेति, वृक्षरोपणका कार्य पनि उल्लेखनीय भएको छ ।

बेमौसमी तरकारी उत्पादन गरी विद्यार्थीले बिक्री गरेका छन् । नर्सरी व्यवस्थापन गरेर फलफुल, तरकारीका बोट-बिरुवा उत्पादन र बिक्री वितरण गरेर आम्दानी गरिरहेका छौं । गणित प्रयोगशाला सुदृढीकरण र अभिलेख व्यवस्थापन, मिडिया कक्षको नियमित प्रयोग र सहभागिता व्यवस्थापन, बाल समूह गठन, दिव्यसेवा बाल समुह गठन, युवा रेडक्रस गठन र स्काउटलाई सवलीकरण, गणित क्लबलाई निरन्तरता दिने र अघि बढाउने, जनप्रिय अतिरिक्त क्रियाकलाप एवम् साँस्कृतिक विभाग गठन र त्यसलाई निरन्तरता दिएर अगाडि बढाइरहेका छौं । यी सबै क्रियाकलापबाट विद्यार्थी सर्वाङ्गिण ज्ञान हासिल गर्न पाएका छन् ।

शैक्षिक सत्र २०८० को महत्वपूर्ण उपलब्धीका रुपमा हामीले शिक्षकको क्षमता विकास गर्न सफल भएका छौं । शिक्षकहरुमा प्रश्नपत्र निर्माण, परीक्षा मूल्याङ्कन, अभिलेखीकरणमा सूचना प्रविधिको प्रयोग, विद्यार्थीहरुले प्रदेश, जिल्ला, नगर, वडा र विद्यालयस्तरमा विविध विधामा प्रतिस्पर्धाको अवसरसँगै जित हासिल गरेका छन् ।

शैक्षिक सत्र २०८० मा सूचना प्रविधिको ज्ञान हासिल गर्न आवश्यक तालिम, कार्यशालाहरु सञ्चालन गर्न नसक्नु चुनौतिको विषय बन्यो । पछिल्लो चरणमा हामीले सूचना प्रविधिसम्बन्धी तालिम सञ्चालन गरेका छौँ । अंग्रेजी विषयमा फरक मातृभाषा भएको कारण विद्यार्थीले अपेक्षित उपलब्धी हासिल गर्न नसकेको पाएका छौं । विधागत प्रशिक्षकको अभावका कारण संगीत, नृत्य, गायन, चित्रकला जस्ता क्रियाकलापमा उत्कृष्ट नतिजा प्राप्त हुन नसकेको महसुस गरी हामीले बाहिरबाट प्रशिक्षक ल्याएर प्रशिक्षणको व्यवस्था मिलाएका छौं ।

आगामी दिनमा चालु कार्यक्रमलाई निरन्तरता दिँदै औषत सिकाई उपलब्धीमा अभिवृद्धिका लागि उपयुक्त कार्यक्रम गर्ने योजना बनाएका छौं । बार्षिक शैक्षिक क्यालेण्डर कार्यान्वयन गर्ने, विषयगत शिक्षकहरुलाई तालिम र अन्तरक्रिया कार्यक्रम, विषय र तहगतलाई छुट्टाछुटै विभाग सञ्चालन गर्ने योजना बनाएका छौं । विद्यार्थी प्रशिक्षण र तालिम, विद्यालय समुदाय सम्बन्ध सवलीकरण गर्ने, भैतिक सामग्रीको मर्मत गर्ने, पुस्तकालयको पहुँचका लागि उचित व्यवस्थापन गर्ने, नियमित आर्थिक श्रोत पहिचान र परिचालन गर्नेमा हाम्रो ध्यान केन्द्रित हुनेछ ।

पालिकाबाट हुने सहजीकरणमा पूर्वाग्रह हुन नहुने, झन्झटिए कागजी प्रक्रियालाई सरलीकृत गर्नुपर्ने, अनलाइनमा आधारित तथ्याङ्क व्यवस्थापन गर्ने, शिक्षक बढुवा तथा नियुक्तिको सवालमा भयरहित र वैज्ञानिक पद्दति अनुसार व्यवस्थापन गर्ने हो भने समग्रमा सामुदायिक शिक्षामा व्यापक सुधार गर्न सकिन्छ । पाठ्यक्रम प्रवोधीकरण, क्षमता अभिवृद्धि तालिम, क्यास मूल्याङ्कन तालिम, बालविकास सहजकर्तालाई तालिम आदिको व्यवस्थापन गर्नुपर्ने आवश्यकता ठानेका छौं ।

(२०८० चैत २५ गते आयोजना गरिएको कार्यक्रममा हेटौँडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को योजना प्रस्तुती कार्यक्रममा प्रधानाध्यापक भुपेन्द्र चौलागाईले प्रस्तुत गर्नुभएको विवरणको सम्पादित अंश)

## ९ महिनामा १ सय ९५ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा चालु आर्थिक वर्ष २०८०/०८१ को साउन महिनादेखि चैत महिनासम्म १ सय ९५जना किशोरी आमा बनेका छन् । पछिल्लो ९ महिनाको अवधिमा सबैभन्दा बढि असोज महिनामा ३३ जना किशोरी आमा बनेको हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो ।

आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए । यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना र कार्तिक महिनामा २२ जना किशोरी आमा बनेको झाले जानकारी दिनुभयो । हेटौंडा अस्पतालबाट प्रसुति गराउनमध्ये मंसिर महिनामा २३ र पुसमा १२ जना किशोरीले शिशु जन्माएका हुन् । यस्तै, माघमा १६, फागुनमा १७ र चैतमा २० जना किशोरी आमा बनेका छन् ।

साउन महिनामा अस्पतालमा २ सय ५३ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए । ७ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र १ सय ३१ जनाको शल्यक्रिया गरिएको थियो । भदौ महिनामा २ सय २९ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका छन् । १० जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र ९७ जनाको शल्यक्रिया गरिएको थियो । असोज महिनामा २ सय ४५ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए भने १२ गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र १ सय ४ जनाको शल्यक्रिया गरिएको थियो ।

कात्तिक महिनामा २ सय जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए भने ४ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र ८४ जनाको शल्यक्रिया गरिएको थियो । मंसिर महिनामा २ सय २० जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए भने १२ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र ९४ जनाको शल्यक्रिया गरिएको थियो ।

यस्तै, पुस महिनामा १ सय ६४ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए भने १४ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र ९३ जनाको शल्यक्रिया गरिएको थियो । माघमा १ सय ५९ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए भने ९ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको र ७९ जनाको शल्यक्रिया गरिएको थियो । फागुन महिनामा १ सय ५१ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए । १५ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइएको थियो भने ९४ जनाको शल्यक्रिया गरिएको थियो । यस्तै, चैत महिनामा १ सय ३२ जना महिलाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए । ७ जना गर्भवतीको जटिल अवस्थामा प्रसुति गराइँदा ६५ जनाको शल्यक्रिया गरिएको थियो ।

सरकारले बालविवाह रोकथामका लागि पर्याप्त कानुन निर्माण गरे पनि बालविवाह अन्त्य हुन सकेको छैन । बालविवाह भइरहेकै कारण किशोरीहरु आमा बन्ने क्रमले व्यापकता पाइरहेको हो । २० वर्षअघि विवाह गर्न नपाइने कानुनी व्यवस्था भए पनि बालविवाहले निरन्तरता पाइरहँदा धेरै समस्या भइरहेको छ । अस्पतालले आकस्मिकरुपमा २४ घण्टा गर्ववतीहरुलाई सेवा दिँदै आएको छ ।

## कक्षा १२ को वार्षिक परीक्षा आजबाट

समाज संवाददाता

हेटौंडाः कक्षा १२ को वार्षिक परीक्षा आज शुक्रबारबाट सुरु हुँदैछ । यो बर्ष मकवानपुर जिल्लाबाट ७ हजार ६ सय ९० जना विद्यार्थी कक्षा १२ को वार्षिक परीक्षामा सहभागी हुँदैछन् । नियमिततर्फ ५ हजार ५ सय ८७ जनाले परीक्षा दिने राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाका अधिकृत जयप्रकाशप्रसाद कुशवाहले जानकारी दिनुभयो । परीक्षा बिहान ८ बजेबाट सुरु हुनेछ । परीक्षा बैशाख २६ गतेसम्म सञ्चालन हुनेछ ।

मकवानपुरमा कक्षा १२ सम्म अध्यापन हुने ५३ वटा विद्यालय रहेका छन् । जिल्लामा यस वर्ष १९ वटा परीक्षा केन्द्र तोकिएको छ । २०७८ र २०७९ सालमा नियमित परीक्षा दिएर यस वर्ष ग्रेडवृद्धि परीक्षा दिने परीक्षार्थी एक हजार ९ सय ६२ जना रहेको उहाँले बताउनुभयो । यस्तै, २०७६ र २०७७ सालबाट परीक्षा दिन थालेका एक सय ४१ जना र कक्षा ११ मा आंशिकतर्फबाट १४ जना परीक्षार्थीले परीक्षा दिने कुशवाहले जानकारी दिनुभयो । राष्ट्रिय परीक्षा बोर्ड, हेटौंडाको कार्यक्षेत्र बारा, पर्सा, रौतहट, चितवन र मकवानपुरमा गरी ३५ हजार ३ सय ७५ जना परीक्षार्थीले कक्षा १२ को नियमित परीक्षा दिनेछन् । ५ जिल्लामा १ सय ४३ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो । २०७८-७९ आंशिकतर्फ १० हजार ९ सय २ जना, २०७६-७७ आंशिकतर्फ ३ सय ६८ जना विद्यार्थीले परीक्षा दिनेछन् ।

## कांग्रेस नेता अफताब आलमसहित ४ जनालाई जन्मकैदको सजाय

रौतहटः जिल्ला अदालत रौतहटले २०६४ साल चैतमा भएको एक घटनामा दोषी ठहर गर्दै नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमसहित ४ जनालाई जन्मकैदको सजाय सुनाएको छ । बिहीबार न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलम, उनका भाइ महताब आलम, शेष सेराज भन्ने शेष सराज र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाएको श्रेस्तेदार उद्धव ढोडारीले जानकारी दिए ।



रौतहटको राजपुरमा २०६४ चैत २७ गते रौतहटको राजपुरमा बम बिस्फोटमा घाइते भएकाहरुलाई इँटाभट्टामा हालेर हत्या गरेको आरोपमा उनलाई अदालतले सजाय सुनाएको हो । उनीहरुले घटना भएको समयमा प्रचलित मुलुकी ऐन २०२० अनुसार जन्मकैद अर्थात २० वर्षको सजाय पाएका छन् । त्यस्तै मुक्ति साहले सफाइ पाएका छन् भने मोहम्मद मोविन, शेष फजल, शेष भदै, सागिर आलम, गौरीशंकर साह र शेष मालाकार फरार रहेकाले उनीहरुको हकमा मुद्दा मुल्तवीमा राखिएको श्रेस्तेदार ढोडारीले जानकारी दिए ।

पहिलो संविधानसभाको चुनावको अघिल्लो दिन रौतहटको राजपुरस्थित अफताब आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेहरुलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरिएको थियो । प्रत्यक्षदर्शीहरुका अनुसार, त्यसक्रममा केही घाइतेहरु आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरुसँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हाली जलाएको प्रत्यक्षदर्शीको बयान थियो ।

घटनापछि प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए । ३० असार, २०६५ मा तत्कालिन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । उनको निर्णयमा भनिएको थियो, 'मारिएका भनिएका व्यक्तिहरुको मृत्यु भएको भन्ने यकिन हुन नसकेको साथै उनीहरुको मृत्यु कर्तव्यबाट हुन गएको भन्ने पुष्टि हुन सकेको नदेखिएको ।' बम काण्डमा मृत्यु भएका ओसी अख्तरकी आमा रुक्सनाको समेत गोली हानी हत्या भएको थियो । २०६७ माघ ८ गते साँझ दुर्गाभगवती गाउँपालिकास्थित माइतीबाट आफ्नो घर आउँदै गर्दा गौडा कुरेर बसेका हतियारधारी समूहले रुक्सनाको गोली हानी हत्या गरेको थियो । उक्त घटनामाथि अहिलेसम्म अनुसन्धान भएको छैन ।

*(स्रोतः अनलाइनखबर)*

**सुवर्ण अवसर ! सुवर्ण अवसर ! सुवर्ण अवसर !**

नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौँडा उपमहानगर पालिका, २ नम्बर वडा कार्यालयको सहयोगमा उद्यमशीलता तथा व्यावसायिक नविनतम् सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतीका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरण समेत गर्ने उद्देश्यका साथ हेटौँडामा नै पहिलो पटक "स्वरोजगार मेला (Self-Employment Expo)" को आयोजना हुन गइरहेको हुँदा हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनै पनि विषयमा न्युनतम कक्षा १२ उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यावसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/ Proposal) संस्थाले उपलव्ध गराएको ढाँचामा आगामी वैशाख २५ गते भित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ट ३ वटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृत समेत गरिने जानकारी गराईन्छ ।

**अवधारणा पत्र पेश गर्ने ठेगाना**

**संघको कार्यालयः नलेज भिलेज, नवलपुर, हेटौँडा-११**
**फोन नं.: ०५७-५२३८०२, मोवाइलः ९८५१०६००८१**
**इमेलः** manbpchtd@gmail.com

# सम्पादकीय

## कामकाजी भाषा र पहिचान

बागमती प्रदेशमा तामाङ र नेपाल भाषा सरकारी कामकाजी भाषाको रुपमा प्रयोग हुँदैछ । आगामी बैशाख २४ गतेबाट तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रुपमा कार्यान्वयनमा ल्याइने भएको हो । बुधबार बसेको बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले प्रदेशमा सरकारी कामकाजी भाषाको रुपमा तामाङ र नेवार भाषालाई कार्यान्वयनमा ल्याएको घोषणा गरिने भएको छ । काठमाडौंको बसन्तपुरमा सार्वजनिक कार्यक्रम गरेर प्रधानमन्त्री पुष्पकमल दाहालले तामाङ र नेपाल भाषालाई बागमती प्रदेशको कामकाजी भाषाको रुपमा शुभारम्भ गर्नेछन् । उक्त दिन प्रदेश सरकारले बागमती प्रदेशभर सार्वजनिक बिदा दिने निर्णयसमेत गरेको छ । बैशाख २४ गतेबाट सरकारी कामकाजी भाषा लागू भएको घोषणापछि सरकारी कार्यालयहरुको साइनबोर्ड र लेटरप्याडमा नेपाली, तामाङ र नेपाल गरी तीन भाषाको प्रयोग हुनेछ ।

सामान्य अर्थमा भन्दा भाषा भनेको अभिव्यक्ति र बुझाईको माध्यम हो । भाषाकै माध्यमबाट मानिसबीच विचार आदान-प्रदान वा विनिमय हुन्छ । तर, भाषाको अर्थ यतिमा मात्र सिमित छैन । भाषा विचार र अभिव्यक्ति विनिमयसँगै विभिन्न जाति र समुदायको पहिचानसँग बढी जोडिने गरेको पाइन्छ । जातजाति, धर्म, संस्कृति, समुदायको पहिचानसँग भाषालाई बुझ्ने गरिएकै कारण नेपालमा पनि बेलाबेलामा भाषासम्बन्धी सामान्य विवाद र बहस हुने गरेको पाइन्छ । नेपालको वर्तमान संविधानले पनि भाषासम्बन्धी केही विशेष व्यवस्था गरेको छ । संविधानको धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रभाषा मानेको छ । धारा ७ (क)ले देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने उल्लेख छ । संविधानको धारा ७ (ख)मा प्रदेशले छुट्टै सरकारी कामकाजको भाषा तोक्न सक्ने व्यवस्था रहेको छ । नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

संघीय सरकारले गठन गरेको भाषा आयोगको सिफारिसबमोजिम बागमती प्रदेशमा तामाङ तथा नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयनमा ल्याइने भएको हो । भाषा आयोगले सातै प्रदेशका लागि सरकारी कामकाजमा नेपाली भाषाबाहेक प्रयोग हुने सक्ने भाषा सिफारिस गरेको छ । कोशीमा मैथिली र लिम्बू, मधेशमा मैथिली, भोजपुरी र बज्जिका, बागमतीमा तामाङ र नेपाल (नेवारी) भाषा आयोगको सिफारिमा परेको हो । यस्तै, गण्डकी प्रदेशमा मगर, गुरुङ र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषा सिफारिस गर्दा आयोगले लुम्बिनीमा थारु र अवधी, कर्णालीमा मगर तथा सदूरपश्चिममा डोट्याली र थारु भाषा सिफारिस गरेको थियो । आयोगको सिफारिसले प्रदेशलाई सरकारी कामकाजको भाषा तोक्न सहज हुने भए पनि ठाउँ र समुदायअनुसार बोलाइ र लेखाइमा एकरुपता नभएका भाषा सरकारी कामकाजको रुपमा प्रयोगमा ल्याउन त्यति सहज देखिँदैन ।

नेपालमा १२३ राष्ट्रभाषा रहेका छन् । २०७८ को जनगणनाले अन्य भाषासमेत थप गरेर राष्ट्रभाषाको संख्या १२४ पुऱ्याएको छ । संविधानको धारा ६ ले नेपालमा बोलिने सबै भाषाको अस्तित्व स्वीकार गरेको छ । यसकारण प्रदेशमा बाहुल्य रहेको कुनै भाषालाई कामकाजी भाषाको रुपमा तोक्न सक्ने व्यवस्थाले जाति र समुदायको पहिचानलाई महत्व दिएको मान्न सकिन्छ । हुन त नेपालका अहिलेका प्रदेशहरु मिश्रित जातीय संरचना भएका नै छन् । एकल जातीय बाहुल्य प्रदेश नभए पनि प्रदेशमा धेरै मानिसले बोल्ने वा प्रयोग गर्ने भाषालाई सरकारी कामकाजको भाषा तोक्नु सकारात्मक मान्नुपर्छ । यसले उक्त भाषा बोल्ने जाति वा समुदायमा आत्मसम्मानको भावना जागृत गराउँछ । उनीहरुले आफ्नो पहिचान हासिल भएको महसुस गर्न सक्छन् । बागमती प्रदेशले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा कायम गराउँदा तामाङ र नेवार जातिको सम्मान हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्राविधिक सीपमुलक क्षेत्रका काममा आकर्षण ।
**वृष** : सहयोगी र मित्रवर्गको सहयोग प्राप्त होला ।
**मिथुन** : आएको अवसरलाई प्रयोग गर्दा राम्रो रहला ।
**कर्कट** : तर्क, विवाद र प्रतिस्पर्धामा विजय प्राप्त ।
**सिंह** : साहस-हिम्मतह-आत्मबलले काममा पूर्णता ।
**कन्या** : बल प्रदर्शन र तुजुक देखाउने कामबाट टाढा रहँदा राम्रो ।
**तुला** : मान्यजनको सर-सहयोग प्राप्त हुने समय ।
**वृश्चिक** : कृषिक्षेत्र र श्रममुलक क्षेत्रमा खट्नु पर्ने समय छ ।
**धनु** : धार्मिक र सामाजिक काममा सरिक भईएला ।
**मकर** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय ।
**कुम्भ** : शरीरमा जोस, जाँगर बढ्ने समय छ ।
**मीन** : किर्ति र प्रतिष्ठामा बढोत्तरी हुने समय छ ।

# सार्वजनिक शिक्षा सुदृढीकरणका लागि पैरवी

**सन्दर्भः शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह**



✍प्रकाश खतिवडा

अहिले शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह शुरु भएको छ । ट्रान्सफर मेटिभ एजुकेशन भन्ने मूल नाराका साथ अप्रिल २२ देखि अप्रिल २६ सम्म अर्थात २०८१ को बैशाख १० देखि १४ गतेसम्म नेपाल लगायत विश्वका १५० भन्दा बढि मुलुकहरुले शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह मनाइरहेको अवस्था छ । नेपालमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले यो कार्यसप्ताह मनाउन नेतृत्वदायी भूमिका निर्वाह गरेको आधारमा देशको सातै प्रदेश र अधिकांश जिल्लाहरुमा शिक्षाको अधिकार सुनिश्चितताका लागि विभिन्न कार्यक्रम गरी शैक्षिक पैरवी गरिरहेको छ ।

विद्यालय र सिकाई केन्द्रहरुमा अनलाईन शिक्षा अपरिहार्य रहेको छ । कोभिडको समयमा अनलाईन शिक्षा सुरु गरिएको थियो तर अहिले आएर त्यसलाई खासै महत्व दिइएको पाईदैन । फेरि पनि कुनै किसिमको महामारी आईहाल्यो भने शिक्षा अर्थात बालबालिकाको सिकाई अवरुद्ध हुनु हुँदैन भन्ने मान्यता यो अभियानको हो । यस अभियानले शिक्षालाई दैनिक जीवनसँग जोड्दै गुणस्तरीय, समावेशी र जीवन उपयोगी शिक्षा दिन राज्यलाई दबाब सिर्जना गर्ने लक्ष्य बोकेको छ । यसैगरी शिक्षालाई सीपसँग जोड्दै प्राविधिक शिक्षा प्रणालीलाई विशेष जोड दिइने हुनु पर्दछ । कोभिडको महामारीमा शिक्षामा भएको क्षयीकरणलाई उकास्न संयुक्त राष्ट्रसंघले आयोजना गरेको ट्रान्सफरमेटिभ एजुकेशन समिटमा नेपाल सहित विभिन्न देशका प्रतिनिधिहरुले आफ्नो देशको शिक्षा प्रणालीलाई रुपान्तरण गरी सकारात्मक सुधार गर्ने र संकटमा परेको शैक्षिक सिकाईलाई संकटमुक्त गर्दै अग्रगामी निकास निकाल्ने प्रतिबद्धता गर्दै पुरातनवादी शिक्षामा आमूल परिवर्तन गर्दै नवीनतम् मूल्य, मान्यता स्थापित गर्ने समेत प्रतिबद्धता गरिएको थियो । तत्कालिन समयमा नेपालको तर्फबाट समेत प्रतिबद्धता जनाउँदै शिक्षामा लगानी अभिबृद्धि गर्ने, प्रविधिमैत्री शिक्षालाई बढावा दिने, समावेशी, समतामूलक, सुरक्षित सिकाई, व्यवहारिक शिक्षा र शिक्षकको उचित व्यवस्थापन गर्दै शिक्षाको रुपान्तरणमा शिक्षकको भूमिका अभिबृद्धि गर्ने जस्ता विषयमा व्यापक छलफल भएको थियो । नेपाल लगायतका राष्ट्रहरुले शिक्षामा रुपान्तरण गर्ने बारे गरिएको प्रतिबद्धताको अवस्थाको बारेमा छलफल र बहस गर्न शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह अवसर बनेको छ ।

सार्वजनिक शिक्षालाई सुदृढीकरण गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न नेपाल सरकारले निम्न कदमहरु चाल्न पर्ने देखिन्छ ।

१. सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेको प्रतिबद्धता अनुरुप तीनै तहको सरकारले सार्वजनिक शिक्षामा कुल राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गरिनु पर्दछ ।

२. नेपालको संविधानले निशुल्क र अनिवार्य शिक्षा सम्बन्धी मौलिक हकको रुपमा व्यवस्था गरेको छ । अतः संविधान अनुरुपको शिक्षा अधिकार स्थापित गरियोस् ।

३. विद्यालय जाने उमेरका कुनै पनि बालबालिका विद्यालय बाहिर हुनु हुँदैन । बालबालिकालाई श्रममा होईन विद्यालय जाने वातावरणको सिर्जना हुनु पर्दछ । बालबिबाह गरी विद्यालय छाडेका बालबालिकाहरुलाई खोजबिन गरी शिक्षामा आबद्ध गरियोस् ।

४. शिक्षा क्षेत्रमा देखिएको विद्यमान व्यापारीकरणलाई सरकारले निषेध र नियमन गर्दै उचित व्यवस्थापन गरोस् ।

५. विपद् र महामारीमा समेत शिक्षण सिकाई अबरुद्ध नपारी पठनपाठनलाई नियमित र निरन्तरता दिन सक्ने वातावरण सिर्जना गरियोस् ।

६. विद्यालय तहमा गुणस्तरीय प्राविधिक शिक्षाको पहुँच अभिवृद्धि गरियोस् ।

७. सिमान्तकृत समुदायका बालबालिका, अपाङ्गता भएका बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका बालबालिका, दलित समुदायका बालबालिकालाई विद्यालयमा ल्याउने र टिकाई राख्न तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विशेष किसिमको कार्यक्रमहरु ल्याईयोस् ।

८. बालिका तथा समावेशी शिक्षामा नीतिगत रुपमा विशेष जोड दिईयोस् ।

लगायतका मागहरु अगाडि ल्याइएको छ । यी मागहरु उठ्नु सान्दर्भिक पनि देखिएको छ । शिक्षा त्यो औजार हो जसले हरेक व्यक्तिमा अन्तरनिहित प्रतिभाको प्रष्फुटन गराउन मद्दत पुऱ्याउँछ । शिक्षाले मानिसको वौद्धिक, सामाजिक, शारीरिक, नैतिक, आर्थिक, राजनीतिक लगायत समग्र पक्षको विकास गर्न मद्दत पुऱ्याउँछ । शिक्षाको कारणले मानिस पशु भन्दा पृथक छ । शिक्षाले मानिसको सकारात्मक सोच्ने कलाको विकास गराउँदै प्रगतिशील रुपान्तरण पनि गराउँछ । शिक्षाको माध्यमबाट व्यक्तिले जीवन जीउन सक्षम हुन्छ । मानव सभ्यताको विकाससँगै शिक्षा सम्बन्धी चेतना र सोचमा पनि अभिवृद्धि हुँदै शिक्षा अपरिहार्यको रुपमा स्थापित हुन पुगेको छ ।

पुँजीवादको धर्म के हो भने शिक्षाको माध्यमद्वारा मानिसलाई नाफामुखी साथै अर्कालाई उछिन्न र पछार्न सिकाउँछ । समाजवादमा क्षमताको आधारमा काम दिने र कामको आधारमा माम दिने अर्थात दाम दिने व्यवस्था गरिएको हुन्छ । समाजवादी चिन्तनले शिक्षाले सहकार्यात्मक सामुहिकतावादी र लोक कल्याणकारी अवस्थाको सृजना गर्दछ । समाजवादी राज्यले सम्पूर्ण बालबालिकाको शिक्षाको जिम्मेवारी लिँदै शिक्षालाई श्रमबजार र औद्योगिक उत्पादनसँग जोडेर शिक्षा दिने गर्दछ । सार्थक शिक्षा श्रम र श्रमिक प्रति सम्मानभाव जगाउने खालको हुनु पर्दछ । समाजका सबै मानवको व्यक्तिवादी सोचलाई रुपान्तरण गर्दै सामुहिकतावादी मानसिकतामा बदल्ने शिक्षा नीति आजको आवश्यकता हो ।

नेपाल लोकतान्त्रिक गणतन्त्रात्मक र समाजवाद उन्मुख राष्ट्र भनिए तापनि हामी सबैको सामु हामीले अंगिकार गरेको नीति, कार्यक्रम र बजेटले हामीले शिक्षालाई कुन स्तरमा राखेका छौं भन्ने कुरा स्पष्ट पार्दछ । नेपालको शिक्षा प्रणालीलाई ध्वस्त पारिँदै छ । नेपाल जस्तो लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा बि.सं. २०२८ को शिक्षा ऐन लागु हुनु र सार्वजनिक शिक्षाको खस्कँदो रुप देखिनु राज्य व्यवस्थाको उपहास होईन र ? नेतृत्व वर्गप्रतिको हेराई र सोचाईमा नकारात्मक असर पर्दैन र ? नेपालका सबै नेता एवम् नेतृत्व वर्ग गम्भीर हुनुपर्ने अवस्था आएको छ ।

नेपालको शिक्षा सम्बन्धी संवैधानिक र नीतिगत व्यवस्थालाई हेर्ने हो भने संविधानमा नेपाल लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न भन्ने शब्द उल्लेख गरिएको छ । यसैगरी संविधानकै धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षाको हक हुने, आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने, अपाङ्ग र विपन्न लाई कानुन बमोजिम निशुल्क र उच्च शिक्षाको हक हुने, दृष्टिबिहिन, बहिरा आदिलाई ब्रेललिपी तथा सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निशुल्क शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । यहि संविधानको मूल मर्म र भावनालाई समेटेर नेपालले अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा निशूल्क शिक्षा सम्बन्धी नियमावली २०७७ जारी गरी कार्यान्वयन गरिरहेको पाईन्छ ।

नेपालमा देखिएको निजी र सामुदायिक दुई खालको शिक्षाको व्यवस्था गरिएको छ । शिक्षा देश विकाससँग जोडिने खालको हुनु पर्दछ । शिक्षाको अभिबृद्धिका लागि समुदायस्तरमा पठन संस्कृतिको विकास गर्ने खालको व्यवस्था हुनु नितान्त आवश्यक छ । शिक्षामा भएको चरम व्यापारीकरणले व्यक्तिलाई व्यक्तिवादी र स्वार्थमा अल्झिने अवस्था सिर्जना गरेका देखिन्छ । नेपालमा अहिले उच्च शिक्षाको नाममा पुँजी पलायन र विद्यार्थीहरुको बिदेशिने क्रम बढ्दो अवस्था भएकोले कहालीलाग्दो स्थिति देखिन्छ । देशको आवश्यकताको आधारमा के कस्तो कुन-कुन जनशक्ति आवश्यक पर्ने हो त्यसको आधारमा शिक्षा प्रणाली निर्धारण गरी शिक्षा दिन सकियो भने शिक्षा सार्थक हुन सक्दछ । शिक्षाले जातीय बिभेदको अन्त्य, लैङ्गिक बिभेदको अन्त्य, वर्गीय बिभेदको अन्त्य गर्दै समन्यायिक, सिर्जनशीलतालाई बढाबा दिन सक्ने, चिन्तनशील हुन आवश्यक छ । शिक्षा बेरोजगार उत्पादन गर्ने कारखानामा परिणत हुनु हुँदैन यदि यस्तै भइराख्ने हो भने नेतृत्व वर्ग असफल भएको प्रमाण खोज्न अन्त कतै जानु पर्दैन भन्नुमा अत्युक्ति नहोला । अहिलेको शिक्षा प्रणालीले पुँजीपति वर्गको सेवक, नोकरशाही, श्रम र श्रमिकलाई घृणा गर्ने, कामचोर, व्यक्तिवादी, मै हुँ भन्ने मानसिकता बोकेको र नोकरीमा मात्र भविश्य देख्ने चरम स्वार्थी परजीवी उत्पादन गरिरहेको छ । उच्च शिक्षा र प्राविधिक शिक्षा केवल धनी वर्गको मात्र पहुँचमा रहेको पनि पाइन्छ ।

शिक्षामा राज्यको लगानी प्रसस्त हुनु पर्दछ । सार्वजनिक शिक्षालाई प्राथमिकीकरण गर्दै न्यायपूर्ण समाज स्थापनाका लागि समाज र राष्ट्रको आवश्यकताको आधारमा पाठ्यक्रम तयार हुनु पर्दछ । शिक्षामा राज्यको उचित लगानी हुनुको साथै नियन्त्रण, निर्देशन, परिचालन र नियमन हुँदै पुरातनवादी मुल्य र मान्यतालाई हटाउँदै नवीनतम् सोच र उच्च आदर्श बोकेको हुनु पर्दछ । शिक्षा भनेको किताब घोकाउने होईन जीवन र जीविकासँग गाँसिएको हुनु पर्दछ । तसर्थ शिक्षालाई मानव विकासक्रमसँगै मानिसको चेतना र उत्पादन बृद्धि गर्ने साधनको रुपमा हेर्दै शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताहमा शैक्षिक रुपान्तरणका लागि प्रत्येक नागरिक व्यापक बहसमा उत्रिनु पर्दछ । धन्यवाद ।

*(बागमती प्रदेश संयोजक, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल अध्यक्ष, बाल कल्याण समाज मकवानपुर)*

# प्याकेटबन्द खानेकुरामा 'आईएसओ' लेखिएको छ भने के बुझिन्छ ?



✍प्रतीक जोशी

हामीले कुनै सामान किन्दा 'आईएसओ' मान्यता प्राप्त भनेर खोलमा लेखेको देख्छौं । अनि विज्ञापनमा पनि यस्तै देखिरहेका हुन्छौं । खासमा 'आईएसओ' भनेको के हो त ? भन्ने जिज्ञासा धेरैमा हुनसक्छ ।

'आईएसओ' अन्तर्राष्ट्रिय मानकीकरण संगठन हो, जसले गुणस्तरका मापदण्डहरू बनाउँछ । यस संस्थाले व्यवसायीहरुले गरेका उत्पादन र सेवाहरूको गुणस्तर, सुरक्षा र दक्षता जाँच गर्छ र तिनीहरूलाई प्रमाणपत्र (गुणस्तर मानक) जारी गर्छ ।

विभिन्न प्याकेटबन्द खानेकुरा तथा विभिन्न वस्तुमा 'आईएसओ' लेखिएको हुन्छ । कुनै पनि वस्तु तथा खाद्यपदार्थमा 'आईएसओ' अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण लेखिएको छ भने त्यसको अर्थ अन्तर्राष्ट्रिय मापदण्डअनुसार निश्चित मात्रामा गुणस्तर कायम राखेको भन्ने हो ।

आईएसओ प्रमाणित भन्नाले कुनै संस्थाले आफ्नो व्यापार प्रक्रियाको विकास, मर्मत र निरन्तर सुधार गरेको हो । संस्थाको व्यापार प्रदर्शन तथा गुणस्तर मापन गरेर उपयुक्त गुणस्तर मापदण्डहरूसँग तुलना गरेर पूरा गरिन्छ । संस्थाले गुणस्तर मापदण्डहरू ग्राहकको अपेक्षा पूरा गर्न र ग्राहक सन्तुष्टि प्रदान गर्नमा केन्द्रित गरेको छ भन्ने कुरा जनाउँछ ।

**आईएसओ प्रमाणीकरण किन जरूरी छ ?**

आईएसओ प्रमाणीकरणले वस्तु तथा खाद्यपदार्थलाई थप विश्वसनीय र भरपर्दो बनाउँछ । यो प्रमाणीकरणले व्यवसायको विश्वसनीयता बढाउँछ, जसले गर्दा ग्राहकहरुले उत्पादनमा विश्वास गर्न सक्छन् । प्रमाणपत्र जारी गर्नुअघि समान व्यवसायहरूको लेखा परीक्षण गर्ने अनुभव भएको स्वतन्त्र निकायद्वारा गरिएको गुणस्तर जाँचले व्यवसाय सुधार गर्न मद्दत गर्छ ।

आईएसओले विभिन्न देशबीच साझा मापदण्डहरू जारी गरेर विश्व व्यापारलाई सहज बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । साथै वैदेशिक व्यापारमा संगठनको विश्वसनीयता बलियो बनाउन महत्वपूर्ण भूमिका हुन्छ ।

....बाँकी पृष्ठ ३ मा

# एमाले नेता रायमाझीसहित ७ जनालाई थुनामै राख्न आदेश

काठमाडौं: नक्कली भुटानी शरणार्थी प्रकरणमा सर्वोच्च अदालतले एमाले नेता टोपबहादुर रायमाझीसहित ७ जनालाई रिहा गर्न अस्वीकार गरेको छ । जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि उनीहरुले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए । बिहीबार न्यायाधीश कुमार रेग्मी र टेकप्रसाद ढुंगानाको इजलासले उनीहरुलाई धरौटीमा वा सामान्य तारेखमा छाड्न अस्वीकार गर्दै उच्च अदालत पाटनकै आदेश सदर गरेको हो ।

सर्वोच्चले थुनामै राख्न आदेश दिएकाहरुमा तत्कालिन गृहसचिव टेकनारायण पाण्डे, तत्कालिन गृहमन्त्री रामबहादुर थापा बादलका सल्लाहकार इन्द्रजित राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशव दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मा रहेका छन् । सर्वोच्चले नेपाली कांग्रेसका नेता आङटावा शेर्पालाई ३० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। उनलाई जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा आरोपित उनले जिल्ला अदालतमा भएको थुनछेक बहसमा इन्कारी बयान दिएका थिए । उनीविरुद्ध जाहेरी दिएका जिमा शेर्पेनी लगायतले '५४ लाख लेनदेन भएको, तर अमेरिका लैजान होइन प्रहरीले जाहेरीमा हामीले नभनेको कुरा लेखी सही छाप गराएको' भनेर जिल्ला अदालतमा ११ जेठ २०८० मा नै निवेदन दिएका थिए ।

उनलाई पुर्पक्षका लागि थुनामै राख्नुपर्ने अवस्था नदेखिएको ठहर गर्दै सर्वोच्चको संयुक्त इजलासले जिल्ला अदालत, काठमाडौं र उच्च अदालतको आदेश बदर गरेको छ र ३० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। त्यस्तै जिल्ला र उच्च अदालतले थुनामा पठाउन आदेश दिएका गोबिन्दकुमार चौधरीलाई पनि सर्वोच्च अदालतले १० लाख धरौटीमा छाड्न आदेश दिएको छ । चौधरीले अदालतमा इन्कारी बयान दिएको, उनले रकम उठाएको वा लिएको मिसिल संलग्न प्रमाणबाट नदेखिएको र जाहेरवाला सुमन दाहालको बैंकमा जम्मा भएको भनिएको २४ लाख रुपैयाँ के वापत जम्मा भएको हो प्रष्ट नभएको इजलासको ठहर छ ।

साथै चौधरीकी पत्नी निजु चौधरीले मोरङ कसेनी को जग्गा नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य अभियुक्त केशवप्रसाद दुलालले भनेको मानिसको नाममा पास गरिदिसकेको पाइएकाले पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालतको आदेश बेरीतको देखिएको सर्वोच्चको ठहर छ । १० लाख रुपैयाँ नगद वा त्यस बराबरको जेथा जमानत वा बैंक जमानतमा दिए उनलाई छाड्न आदेश दिएको छ । त्यस्तै केन्द्रीय हज समितिका तत्कालीन अध्यक्ष शमशेर मियालाई पनि साधारण तारेखमा छाड्न आदेश दिएको छ । उच्च अदालतले १० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो । तर पीडितहरुले उनलाई रकम दिएको भनेर नाम उल्लेख नगरेको, उनले इन्कारी बयान दिएको र कसैले उनको नाम समेत नपोलेकाले सर्वोच्चले १० लाख धरौटी लिने उच्चको आदेश बदर गरेर साधारण तारेखमा छाड्न आदेश दिएको हो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा १ असार २०८० मा जिल्ला अदालत काठमाडौंले नेपाली कांग्रेसका नेता बालकृष्ण खाँण, एमाले नेता टोपबहादुर रायमाझीसहित १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यतिबेला जिल्ला अदालतले तत्कालिन गृहसचिव टेकनारायण पाण्डे, तत्कालिन गृहमन्त्रीका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, केशव दुलाल, सानु भण्डारी, कांग्रेस नेता आङटावा शेर्पालाई पनि थुनामा पठाएको थियो ।

त्यस्तै केन्द्रीय हज समितिका तत्कालिन अध्यक्ष शमशेर मिया, टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझी, बालकृष्ण खाँणका पीए नरेन्द्र केसी, सन्देश शर्मा, सागर राई, रामशरण केसी, गोविन्द चौधरी र हरिभक्त महर्जनलाई पनि जिल्ला अदालतले थुनामा पठाएको थियो । आरोपितहरु लक्ष्मी महर्जनलाई ५ लाख र टंककुमार गुरुङलाई १० लाख धरौटीमा छाड्न आदेश दिएको थियो ।

यो मुद्दामा उच्च अदालत पाटनले एमाले नेता रायमाझीसहित ९ जनालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो कांग्रेस नेता बालकृष्ण खाँणलाई ३० लाख, टेकनाथ रिजाललाई १५ लाख, रामशरण केसी १५ लाख र शमशेर मियालाई १० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो । पुर्पक्षका लागि थुनामा पठाइएका र धरौटीमा छाड्ने आदेश भएका शमशेर मियाले उच्च अदालतको आदेशविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए । *स्रोत: अनलाइनखबर ।*

# सरकारको निष्कर्ष : विद्यमान कानुन र संरचनाबाट सहकारी समस्या समाधान असम्भव

काठमाडौं: सरकारले विद्यमान कानुन र संरचनाबाट सहकारीको समस्या समाधान गर्न सम्भव नभएको निष्कर्ष निकालेको छ। सहकारी पीडितको समस्या सम्बोधन गर्न फास्ट ट्र्याकबाट कानुन बनाउने निर्णय गरेको छ ।

बिहीबार सिंहदरबारमा बसेको सिंहदरबारमा मन्त्रिपरिषद बैकमा सहकारीको समस्याबारे छलफल भएको थियो । नियमित प्रक्रियाबाट समस्या समाधान हुँदैन भन्नेमा मन्त्रिपरिषद् एकमत देखिएको सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

उनले अगाडि भनिन्, 'विद्यमान कानुनबाट पनि सम्भव छैन, विद्यमान संरचनाबाट पनि सम्भव छैन । त्यसकारण छिटोभन्दा छिटो कानुन व्यवस्था गर्नुपर्छ ।'

फास्ट ट्र्याकबाट कानुन बनाउने र आवश्यक पर्‍यो भने छुट्टै संरचना पनि बनाएर सहकारीको समस्या सम्बोधन गर्नुपर्छ भनेर छलफल भएको जानकारी दिइन् । उनले भनिन्, 'सम्बन्धित मन्त्रालयबाट वर्कआउट गरेर अगाडि बढाउँछौं ।'

राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. जयकान्त राउत नेतृत्वको सहकारी क्षेत्र सुधार सुझाव कार्यदलले २०८० भदौमा बुझाएको प्रतिवेदनमै सहकारी समस्या समाधानका लागि नीतिगत र कानुनी सुधार गर्न सुझाएको थियो ।

वित्तीय कारोबारमा अपनाउनुपर्ने न्यूनतम सावधानीका उपायहरु समेत अवलम्बन नगर्दा सहकारीमा समस्या देखिएको कार्यदलको निष्कर्ष थियो । सहकारीको मर्म र भावना विपरीत घर जग्गा तथा सेयर खरिद जस्ता कारोबारमा सहकारीको बचत लगानी गरिएको र यसले ल्याएको समस्याको दबाब थेग्न नसक्दा समस्या आएको समितिको निष्कर्ष थियो ।

नियमनको अभाव पनि रहेको भन्दै कार्यदलले सहकारी ऐन २०७४ मा संशोधन गर्न र अनुगमन तथा नियमनका लागि सहकारी अनुगमन तथा सुपरीवेक्षण बोर्ड वा प्राधिकरण गन गर्न सुझाएको थियो । तर कार्यदलले प्रतिवेदन दिएको ८ महिनासम्म सरकारले न ऐन संशोधन गरेको छ, न नियमनका लागि नयाँ संयन्त्र बनाएको छ ।

बरु सरकारकै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने स्वयं केही सहकारीमा भएको अनियमितामा संलग्न रहेको भन्दै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले संसदीय छानबिन समिति गठनको माग गर्दै आएको छ। आफ्नो मागलाई वेवास्ता गरेको भन्दै कांग्रेसले संसद अवरुद्ध गरेपछि सरकारले अधिवेशन नै स्थगित भएको थियो ।

सरकारको नीति तथा कार्यक्रम र बजेटका लागि अर्को अधिवेशन आह्वान गर्ने बेला भइसक्यो, तर प्रमुख विपक्षी कांग्रेससँग सहमति भएको छैन ।

बिहीबारको मन्त्रिपरिषद बैठकले डढेलो र आगलागी र यसबाट भइरहेको क्षति न्यूनिकरणमा क्रियाशील हुन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय पनि गरेको छ । *(स्रोत: अनलाईनखबर)*

## *प्याकेटबन्द खानेकुरामा...*

### आईएसओ प्रमाणीकरण नभएको भए के हुन्छ ?

आईएसओ प्रमाणीकरण अनिवार्य मानक होइन, अन्तर्राष्ट्रिय मानक हो । ठूला कम्पनीहरूले आईएसओ मानक पछ्याएका हुन्छन् । साना कम्पनीले आईएसओ मान्यता प्राप्त गरेका हुँदैनन्, तर यसको मतलब तिनीहरूको गुणस्तर नराम्रो छ भन्ने होइन ।

साना कम्पनीको हकमा उद्योग भनेर दर्ता गरेको छ भने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापत्र (डीएफटीक्यूसी) नम्बर प्राप्त गरेका हुन्छन् । अनुज्ञापत्र लिएर उत्पादन गरेका छन् भने विभागका निरीक्षकहरुले हरेक वर्ष त्यहाँ उत्पादन भएको वस्तु तथा खाद्यपदार्थको गुणस्तर कस्तो छ भनेर जाँच गरेका हुन्छन् ।

अहिलेको समयमा गुणस्तर घटाउन सजिलो छैन । किनभने बजार उच्च प्रतिस्पर्धामा चलेको छ । उपभोक्ताको जागरुकता पनि बढेकै छ । त्यसैले आईएसओमा दर्ता नहुँदैमा वस्तुको गुणस्तर राम्रो छैन कि भनेर उपभोक्ता डराउनु पर्दैन ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापत्र लिएको छ भने पनि एउटा लेबलको गुणस्तर कायम राखेको हुन्छ भनेर बुझ्न सकिन्छ ।

उदाहरणका लागि कुनै व्यक्ति एमबीबीएस गरेपछि डाक्टर हुन्छ । तर उसले आफ्नो स्तर र विशेषज्ञता बढाउन एमडी, डीएम गर्छ । त्यस्तै गुणस्तर कायम राखेको छ भन्ने कुरा त खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापत्र 'डीएफटीक्यूसी' नम्बरबाट नै थाहा हुन्छ । तर अन्तर्राष्ट्रिय गुणस्तर कायम राखेको छ भन्ने कुरा भने 'आईएसओ'बाट थाहा हुन्छ ।

*(जोशी खाद्य अनुसन्धान अधिकृत हुन् । स्रोत: अनलाईनखबर)*


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## नेपाल

सानो तर सबैभन्दा राम्रो हाम्रो देश
इतिहास कै सबैभन्दा बलियो हाम्रो देश
विश्वका आग्ला हिमाल पनि यही अवस्थित छ
वीर गोर्खालीको देश भनेर मेरो नेपाललाई चिनिन्छ
अनेक जाति, अनेक भाषा, संस्कृति र धर्म
सबै मिली बनेको छ मेरो प्यारो देश
सुन्दर, शान्तस्थल नेपाल मेरो जन्मभूमि
गर्व लाग्छ नेपाली भन्न वीर गोर्खालीले गर्दा



✍ स्नेहा थापा

## फूल

सबै भन्छन् फूल भै जन्म लिन पाउँ
म भन्छु फूल हुनुको दुख छ आफ्नै ठाउँ
फूल हुनु त केवल हो र सुन्दर हुनु
कसले सुनोस् भमराको दिक्क लाग्दो भुभु
कहिले घाम, कहिले पानी, कहिले छाया तल
छोडेर सुन्दर रुप बन्नुपर्छ फल
सबै भन्छन् कति सजिलो छ राम्रो भएर आरुको ध्यान तान्न
कसले सकोस आफु रोई रोई अरुको मन बुझाउन


# पञ्चकन्या आविको अध्यक्षमा पुन: बल

समाज संवाददाता

बागमती: मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-४, पाँचपाण्डवस्थित पञ्चकन्या आधारभूत विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा आशीष बल सर्वसम्मत चयन हुनुभएको छ । बुधबार सम्पन्न अभिभावक भेलाबाट चयन भएका ४ सदस्यीय समितिबाट बल दोस्रो कार्यकालका लागि अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो ।

बुधबार भएको अभिभावक भेलामा प्रत्यक्षतर्फ आशीष लामा बल, लालबीर थिङ, एलिना माझी र जितुमाया थिङ सर्वसम्मत चयन हुनुभएको थियो । चयन हुनु भएका चार सदस्य, वडा अध्यक्ष तथा वडा शिक्षा संयोजक दन्तलाल माझी, समिति सचिवव सुबर्ण वाईबा र शिक्षक प्रतिनिधि सुशीला माझीको बैठकले नौमान स्याङ्तान र सुनिता मोक्तान जिम्बालाई सदस्यमा मनोनित गर्नुभएको छ ।

बागमती गाउँपालिकाका शिक्षा शाखा संयोजक कमान सिं पाखिनले नवनिर्वाचित समितिका पदाधिकारीहरुलाई खादा लगाएर बधाई दिनुभएको छ। नयाँ कार्यसमितिको कार्यकाल ४ वर्षको रहनेछ । आफू पहिलो कार्यकालमा व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित भएपछि विद्यालयमा पुस्तकालय, कम्प्युटर कक्षा र स्मार्ट कक्षाकोठा सञ्चालन गर्न सफल भएको अध्यक्ष बलले बताउनुभयो । विद्यालयमा शिक्षासँगै अन्य पक्षहरु सुधारका लागि अभिभावकहरुले आफुलाई विश्वास र आशाका साथ दोस्रो कार्यकालका लागि सर्वसम्मत चयन गरेको बताउनुहुँदै उहाँले यो कार्यकालमा अझ थप काम गरिने प्रतिबद्धता जनाउनुभयो । कक्षा ८ सम्म पाठनपाठन हुने विद्यालयमा २ सय ३३ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

कार्यक्रममा बागमती-४ का निवर्तमान अध्यक्ष रहरसिङ थिङ, वडा सदस्यहरु उर्मिला बिक, हेमबहादुर थिङ, विद्यालयको पूर्व व्यवस्थापन समितिक अध्यक्षहरु भक्तबहादुर माझी, यानबहादुर पाखिन, भूमिलाल माझी, जयबहादुर वाईबा, सुक्रम भोलन र सुदिप पाखिनलगायतको उपस्थिति रहेको थियो ।


## भुवनेश्वर सेवा समितिको

## ११औं साधारणसभा सम्बन्धी जरूरी सूचना

यस भुवनेश्वर सेवा समितिको ११औं साधारणसभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण आजीवन सदस्य ज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपसील**
**मिति:** २०८१ साल बैशाख १७ गते सोमबार
**समय:** बिहान १० बजे
**स्थान:** भवनेश्वर मन्दिरको सभाहल, हेटौंडा-४

**जगन्नाथ पाण्डे**
**अध्यक्ष**



## श्री वनदेवी आधारभूत विद्यालय

### हेटौंडा-१५, मकवानपुर

### शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/१३ गते*

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा, हेटौंडा, मकवानपुरको च.नं. ३५, मिति २०८१/०१/१२ गतेको पत्रबाट शिक्षक पदपूर्ति अनुमति प्राप्त भई मिति २०८१/०१/१३ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**
**विज्ञापन नं. : ०१/२०८१**
तह : प्रा.वि.
नियुक्तिको प्रकार : करार (राहत) दरबन्दी
संख्या : १ (एक)
उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब: नेपाल सरकारको नियम अनुसार
आवश्यक शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षाशास्त्र संकायमा कक्षा १२ वा सो सरह उत्तीर्ण
परीक्षा दस्तुर : रु.१,०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८१/०१/२७ गते ४:०० बजेसम्म
सम्पर्क मिति : २०८१/०१/२८ गते
परीक्षा मिति : सम्पर्क मितिका दिन तोकिनेछ ।
परीक्षाको किसिम : लिखित र मौखिक, (आवश्यकता अनुसार कक्षा अवलोकन)
आवश्यक कागजात : नेपाली नागरिकता, स्थायी अध्यापन अनुमति पत्र, शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु नोटरी गरी २/२ प्रतिका साथमा हस्तलिखित निवेदन
**नोट** : शिक्षक सेवा आयोगको शिक्षक करार सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको मितिले ७ (सात) दिन भित्र मात्र आवेदन दर्ता गरी नियुक्ति गरिने छ ।
अनुभवी र माथिल्लो योग्यता (अङ्ग्रेजी विषय) र प्रविधिमैत्री उम्मेद्वारलाई विशेष प्राथमिकता दिइनेछ ।

**थप जानकारीका लागि**
**९८४५०२९३५२**
**प्रधानाध्यापक**

# प्रदूषण नियन्त्रण नगरे उद्योग चलाउन नदिने चेतावनी



सिमेन्ट उद्योगको विषयमा छलफल गर्दै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित शिवम् सिमेन्ट उद्योगले वातावरण प्रदूषणको काम गरेकाले स्थानीय बासिन्दाहरुले आपत्ति जनाएका छन् । सिमेन्ट उद्योगले सिमेन्ट उत्पादन गर्नका लागि आगो बाल्ने भट्टीमा कोइला प्रयोग गर्नुपर्ने ठाउँमा प्लाष्टिकजन्य पदार्थ प्रयोग गरेकाले हटियाका स्थानीय बासिन्दाहरुले आपत्ति जनाएका हुन् ।

विहीबार हेटौंडा उपमहानगर पालिकाको सभाकक्षमा नगर प्रमुख मीनाकुमारी लामा, नगर उपप्रमुख राजेश बानियाँ, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एसपी सीताराम रिजाल र जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख सूर्यप्रसाद सेढाइको उपस्थितिमा स्थानीयले आपत्ति जनाएका हुन् । उद्योगले प्लाष्टिकजन्य पदार्थको प्रयोग गरेकाले स्थानीय बासिन्दाहरुको स्वास्थ्यमा असर पर्ने भएकाले एक साताभित्र प्रदूषण न्यूनीकरण नगरे उद्योग सञ्चालन गर्न नदिने भन्दै चेतावनी दिइएको हो ।

सिमेन्ट उद्योगले कोइलाको सट्टा फोहोर क्षेत्रमा फ्याँकिएको विभिन्न प्रकारको वस्तुहरुको प्रयोगलाई बढावा दिएर मानिसहरुको स्वास्थ्यमा असर पारेको स्थानीयको आरोप छ । जनस्वास्थ्यलाई ख्याल नगरेर प्याष्टिकजस्ता वस्तुको प्रयोग गर्नु उचित नभएको भन्दै विरोध गर्नुपरेको स्थानीयले जानकारी दिएका हुन् । करिब २० दिन पहिले उद्योगबाट निलो रंगको धुवाँ उडेकाले प्लाष्टिक जलाएकोजस्तो अनुभव गरेको एक स्थानीयले बताएका छन् । बुधबार दिउँसो उद्योगले गरेको लापरवाही पत्ता लागेको जनाइएको छ ।

हेटौंडा-१६, हटियाका स्थानीयबासी तथा टोल विकास समितिका अध्यक्ष दामोदर दहालले वडा १६ र १७ का बासिन्दाहरुलाई यस्ता प्रकारका क्रियाकलापले दीर्घकालीन रोगको शिकार बनाइरहेको बताउनुभएको छ । सिमेन्ट उद्योगले प्रयोग गरेको प्लाष्टिकजन्य वस्तुले मानिसको स्वास्थ्यमा रोगको असर बढ्ने अध्यक्ष दहालले बताउनुभयो । उद्योगले गरेको लापरवाहीको कारण खोलानालामा नकारात्मक प्रभाव पारिरहेको उहाँको भनाइ छ ।

समाजसँग सहकार्य नगरी उद्योगले मनलाग्दी गरेको, आफ्नो खुशीले पैसा कमाउने कामलाई मात्र प्राथमिकता दिएको दहालले बताउनुभयो । मानिसहरुलाई मतलब नगरेर पैसा कमाउने काममा लागेर सिमेन्ट उद्योग सञ्चालन गरेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभएको छ । प्राकृतिक श्रोत र साधन दोहन गरी उद्योग सञ्चालन गर्दा गाउँपालिकाको उर्वरभूमि नष्ट गर्ने कामलाई बढावा दिएको उहाँले दावी गर्नुभएको छ ।

नगर प्रमुख लामाले प्रदूषण न्यूनीकरण गर्न सिमेन्ट उद्योगलाई एक साताको समय दिनुभएको छ । बुधबार सिमेन्ट उद्योगको विषयमा स्थानीय बासिन्दाहरुको उपस्थितिमा भएको छलफलमा नगरप्रमुख लामाले उद्योगलाई ७ दिनको समय दिनुभएको हो । सिमेन्ट उद्योगले गरेको लापरवाहीलाई ७ दिनभित्र सुधार नगरेमा नगरपालिकामार्फत सिमेन्ट उद्योगलाई डोजर लगाएर भत्काउने उहाँले बताउनुभयो । सिमेन्ट उद्योगले गरेको कामले स्थानीय बासिन्दाहरु आक्रोशित भएकोले सिमेन्ट उद्योगले यो कार्यको अन्त्य गर्नुपर्ने उहाँको भनाइ छ ।

उपमहानगरपालिकामा भएको छलफल कार्यक्रममा प्लाष्टिकजन्य वस्तुको कारणले मानिसहरुलाई परेको असरबारे अनुगमन गर्न समिति गठन भएको छ । हेटौंडा उपमहानगरपालिका वडा-१६ का अध्यक्ष रामकृष्ण कोइरालाको संयोजकत्वमा २१ सदस्यीय समिति गठन भएको हो । समितिको सहसंयोजकमा हेटौंडा-१७ का वडा अध्यक्ष उद्धव सत्याल राखिएको छ । उपमहानगरपालिकाकी वातावरण इन्जिनियर चन्दा खडकालाई सदस्यसचिवमा राखिएको छ ।

## खोलामा डुबेर थापाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-७ मनहरी खोलामा डुबेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ३३ वर्षीय शेखर थापा रहेको प्रहरीले जानकारी दिएको छ ।

विहीबार दिउँसो १ बजेको समयमा थापा खोलामा नुहाउने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा लगिएको र घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## घाईते थिङको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका-४, पञ्जनीमा बाटोमा लडी घाईते भएका ४१ वर्षीय ईमान सिं थिङको मृत्यु भएको छ । थिङ मंगलबार साँझ ६ बजेको समयमा गाउँबाट घरतर्फ जाँदै गर्दा अचानक बाटोमा लडी घाईते भएको प्रहरीले जानकारी दिएको छ ।

घाईते थिङलाई उपचारका लागि बुधबार भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा विहीबार विहान ११ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## मिजार मृत फेला

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको विदुर नगरपालिका-५, माझगाँउमा एक जना पुरुष आफ्नै घरमा मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४० वर्षीय रामकृष्ण मिजार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मिजार बुधबार साँझ ५ बजेर ३० मिनेटको समयमा आफ्नै घरको सुत्ने कोठामा लडी मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

## शिशु मृत फेला


समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-१४, २२ किलोमा एक शिशु मृत फेला परेको छ । बुधबार निर्माणाधिन सडकको खाल्डोमा लिङ्ग पहिचान हुन नसकेको ६ महिनाको शिशु मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

## वनमा आगो लगाउने २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिका-२, सुकौरामा सामुदायिक वनमा आगो लगाउने २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा २० वर्षीय अर्जुन बल तामाङ र ३८ वर्षीय सोमबहादुर घिसिङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार भएको आगलागीबाट रामबहादुर घिसिङको माटो र ढुंगाबाट बनेको र टिनले छाएको २ तले घरमा आगलागी हुँदा २ लाख १५ हजार बराबरको क्षति भएको छ । मानवीय र चौपाय क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।




# वेस्ट इन्डिज ए सँग खेल्ने नेपाली टोली घोषणा

काठमाडौं: घरेलु टोली नेपालले वेस्ट इन्डिज ए सँग खेल्ने पाँच टी-२० खेलको सिरिजका लागि १६ सदस्य टोली घोषणा गरेको छ । एसीसी प्रिमियर कपमा नभएका आरिफ शेख र तीव्र गतिका बलर आकाश चन्द टोलीमा छन् । आरिफ मध्यक्रमका ब्याटर र आकाश तीव्र गतिका बलर हुन् । युवा तीव्र गतिका बलर कमलसिंह ऐरी भने टोलीमा पर्न सकेनन् ।

नेपालले अन्य टोलीमा भने कुनै परिवर्तन गरेको छैन । नेपाल र वेस्टइन्डिज ए बीचको पहिलो खेल शनिबार हुनेछ । नेपालले जेठमा हुने आईसीसी टी-२० विश्वकपअघि यस सिरिजलाई तयारीको रुपमा समेत लिएको छ । नेपालको टोलीमा रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, अनिल शाह, आरिफ शेख, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, गुलशन झा, ललित राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिश जि.सी., अभिनाश बोहरा, विवेक यादव र आकाश चन्द समावेश छन् । स्रोतः अनलाइनखबर ।

## ट्याक्टर दुर्घटनामा एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा ट्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । कैलाश गाउँपालिका-१० सादिखोरियामा बुधबार साँझ ट्याक्टर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

भलटारबाट पुरानोगाउँतर्फ विद्युतको पोल लिएर जाँदै गरेको बागमती प्रदेश ०३-००१ त ०४१९ नम्बरको ट्याक्टर दुर्घटना हुँदा ट्याक्टरको पछाडि टेलरमा सवार कैलाश-१० पुरानोगाउँका ३५ वर्षीय प्रदीप वाईबाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । ट्याक्टर चालक मकवानपुरको भीमफेदी गाउँपालिका-९ बाघमाराका ३३ वर्षीय वीरमान स्याङतान प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

## २ जना पक्राउ, २ जना फरार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-९, अठारेमा बेवारिसे अवस्थामा बसेका २ जना मानिसलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा बागमती गाउँपालिका-७ का २५ वर्षीय उमेश बल र बकैया गाउँपालिका-४ का २७ वर्षीय सुरेन्द्र चौलागाई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार अपरिचित ४ जना मानिसहरु जंगलमा बस्दै आएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक हरेन्द्र चौधरीको कमाण्डमा टोली खटी पक्राउ गर्न खोज्दा बकैया गाउँपालिका-४ का ३१ वर्षीय कैलाश पौडेल र राक्सिराङ गाउँपालिकाका २२ वर्षीय मिलन थिङ फरार भएका थिए । पक्राउ परेका बल र चौलागाईंको साथबाट प्रहरीले २ वटा फलामको दाउ (खुर्पाजस्तो हतियार) फेला पारेको थियो । फरार २ जनाको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




# औलो निवारणसम्बन्धी चेतनामूलक कार्यक्रम

समाज संवाददाता



हेटौंडाः नेपाल सरकारले सन् २०२५ सम्म नेपाललाई औलो रोग मुक्त गर्ने लक्ष्य लिएको छ । १७ औं विश्व औलो दिवसको अवसरमा विहीबार बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय एवम् जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा सचेतनामूलक कार्यक्रम गर्दै औलो रोग निवारणको लक्ष्यबारे जानकारी दिएको हो ।

औलो निवारण कार्यक्रममा सरकारले सन् २०२५ सम्म औलो रोग मुक्त गर्ने लक्ष्य लिएको एन्टोमोलोजिस्ट रहचन घर्ती मगरले जानकारी दिनुभएको छ । औलो रोग निवारणका लागि आवश्यक रणनीतिक सूचना सुदृढीकरण, भेक्टर नियन्त्रण तथा भेक्टर खोजपडताललाई चुस्त पारी औलो सर्ने दरलाई घटाउने उहाँको भनाइ छ । औलोको गुणस्तरीय निदान तथा प्रभावकारी उपचारमा पहुँच वृद्धि गर्दै औलो निवारणका लागि राजनैतिक नेतृत्व र प्राविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढीकरण गर्ने एन्टोमोलोजिस्ट मगरले बताउनुभयो ।

औलो निवारणको गतिविधि बारेमा जनचेतना अभिवृद्धि गरेर औलो निवारणमा सहयोग पुऱ्याउन हरेक वर्ष अप्रिल महिनाको २५ तारिखमा विश्व औलो दिवस मनाउने गरेको उहाँले बताउनुभयो । नेपाल औलो रणनीतिक योजनाअनुसार २०१४ देखि २०२५ सम्मको लक्ष्य हासिल गर्न सरोकारवालाको ध्यानाकर्षण गर्ने, औलो रोगको वस्तुस्थितिको बारेमा जानकारी गराई रोग निवारणका लागि जोड दिनुपर्ने पक्षमा चर्चा गर्ने र निर्धारित समयमै रोगको निवारण गर्न र उजनीतिक प्रतिबद्धता एवम् सामुदायिक सहभागिता सुनिश्चित गर्ने उहाँले बताउनुभयो ।

उहाँले औलो निवारणका लागि औलोको गुणस्तरीय सेवामा समुदायको पहुँच अभिवृद्धि र औलोको रोकथाम तथा महामारीमा तत्काल प्रतिकारात्मक कार्य गर्ने र स्थानीय औलोको शून्य मृत्युदरलाई कायम राख्ने बताउनुभयो । औलो रोगबाट बच्न एकीकृतरुपमा किटजन्य रोग व्यवस्थापन, जोखिममा रहेका व्यक्तिहरुमा झुल तथा रोग सर्ने ठाउँको पहिचान र विषादीजन्य औषधीको प्रयोग गरेर रोग सर्ने स्थानलाई नष्ट गर्ने बताउनुभयो ।

गत आर्थिक वर्षमा बागमती प्रदेशको ४६ वटा ठाउँहरुमा औलो रोग देखिएको उहाँको भनाइ छ । गत आर्थिक वर्ष २०७९/८० सम्म औलोको वर्गीकरण अनुसार ५ सय २८ औलो रोगीको संख्या देखिएकोमा भारतबाट ४ सय ११ संक्रमित बढेको बताइएको छ । आयातित औलो ५ सय ५, अन्य देशमा ९४ र वीरेन्द्र आर्मी अस्पतालमा ३६ जनामा देखिएको बताइएको छ ।

सन् २०२१ को तथ्याङ्कअनुसार औलो रोगको ३ सय ३६ जना विरामी महाराष्ट्रमा २ सय २४, गुजरातमा ५४, उत्तर प्रदेशकमा १९ जना दिल्लीमा १० जना, पश्चिम बंगालमा ६ जना, राजस्थान, तमिलनाडु, उत्तर खण्डमा ४ जना, गोवामा ३ जना, हरियाणामा ३ जना, बिहारमा २ जना, आन्ध्रप्रदेशमा एक, कर्नाटकमा एक र मध्य प्रदेशमा १ गरी ३ सय ३६ जनामा औलो रोगको समस्या देखिएको बताउनुभयो ।

कार्यक्रमका सभाध्यक्ष तथा कार्यालय प्रमुख कृष्ण मिजारले औलो रोग निवारणका लागि प्रदेश, जिल्ला र पालिकास्तरसम्म टास्क फोर्सको गठन तथा परिचालन गर्ने बताउनुभएको छ । कार्यालय प्रमुख मिजारले रोग परीक्षणको गुणात्मक नियन्त्रणको लागि प्रदेशस्तरीय व्यावस्थापन गर्ने बताउनुभएको छ । निजी सेवा प्रदायकहरुको औलो कार्यक्रममा अनिवार्य सहभागिता, स्वास्थ्यकर्मीहरुमा औलोको नियमित र उपयुक्त जाँच, खोजपडताल र उपचारको क्षमता अभिवृद्धि र स्थानीय तहमा औलो कार्यक्रमको लागि बजेट विनियोजन गर्ने उहाँले बताउनुभयो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ